# सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानन्यायाधीश श्री गोपाल पराजुलीज्यूसँग युरोपेली यूनियनको निर्वाचन पर्यवेक्षण नियोग नेपाल, २०१७ को मुख्य पर्यवेक्षक जेलाना जोभ्कोको टोलीले आज शिष्टाचार भेट गर्यो। सर्वोच्च अदालतस्थित सम्माननीय प्रधानन्यायाधीशज्यूको कार्यकक्षमा भएको भेटवार्तामा मुख्य पर्यवेक्षक जोभ्कोले नेपालमा आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको पर्यवेक्षणको लागि आफूहरु नेपाल आएको र सोही क्रममा नेपालको निर्वाचनसम्बन्धी विवाद निरुपण गर्ने न्यायिक व्यवस्था र प्रक्रियाका बारेमा संक्षेपमा जानकारी हासिल गर्न चाहेको बताउनुभयो। भेटवार्ताका क्रममा सम्माननीय प्रधानन्यायाधीश पराजुलीले युरोपेली युनियनका निर्वाचन पर्यवेक्षक टोलीसँग भेट गर्दा आफूलाई खुसी लागेको बताउँदै नेपालमा निर्वाचनसम्बन्धी विवाद हेर्ने निकाय, सर्वोच्च अदालतको संवैधानिक इजलास एवम् न्यायिक प्रणालीसम्बन्धी अन्य विषयहरुका बारेमा टोलीलाई संक्षेपमा जानकारी दिनुभयो।

भेटवार्ताकै क्रममा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार नहकुल सुवेदीले सर्वोच्च अदालत तथा अन्य अदालतका न्यायिक व्यवस्था, संघीय व्यवस्थामा रहेको स्थानीय एवम् प्रदेश स्तरीय न्यायिक निकाय तथा निर्वाचनसम्बन्धी विवाद निरुपण गर्ने विद्यमान न्यायिक निकायका बारेमा पर्यवेक्षण टोलीलाई संक्षिप्त जानकारी गराउनुभयो। उक्त अवसरमा भ्रमण टोलीको नेतृत्व गर्नुभएकी युरोपेली यूनियनको निर्वाचन पर्यवेक्षण नियोग नेपाल, २०१७ को मुख्य पर्यवेक्षक जेलाना जोभ्कोले निर्वाचन पर्यवेक्षणका लागि देशका विभिन्न स्थानमा युरोपेली युनियनका निर्वाचन पर्यवेक्षकहरु आसन्न दुवै चरणको निर्वाचनमा खटिने जानकारी दिँदै निर्वाचन पर्यवेक्षणमा संलग्न हुन पाउँदा युरोपेली युनियन नेपालको लोकतान्त्रिक तथा न्यायिक प्रणालीका बारेमा जानकारी हासिल गरी लाभान्वित भएको विश्वास व्यक्त गर्नुभयो।

परराष्ट्र मन्त्रालयमार्फत व्यवस्थित भेटवार्तामा युरोपेली युनियनको निर्वाचन पर्यवेक्षण नियोग, २०१७ को उपमुख्य पर्यवेक्षक थोमस बासेरप, कानून तथा मानव अधिकार विज्ञ एन्ने मार्लबोरोह, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार नहकुल सुवेदी, सहरजिस्ट्रार अच्युत कुइकेल, उपरजिस्ट्रार सरोजराज रेग्मी र परराष्ट्र मन्त्रालयको शाखा अधिकृत शिवानी बस्नेत सम्मिलित हुनुहुन्थ्यो।

(नारायणप्रसाद पन्थी)
प्रवक्ता / सहरजिस्ट्रार

२०७४ साल कार्तिक २१ गते, मंगलवार
रामशाहपथ, काठमाडौं ।